विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# वहाकीठाँटी, पर्वत

## विहादी गाउँ कार्यपालिकाको मिति २०८२।१२।२० गते विहान ११:०० बजे बसेको बैठकको निर्णय प्रमाणित

**निर्णय नं १ :** विहादी गाउँपालिकालाई वनाई उच्च अदालत पोखरामा दायर भएको रिट नं. ०८२-WO-००५० र ०८२-WO-००५१ का २ थान मुद्दाहरुमा यस कार्यालयको तर्फबाट प्रतिरक्षा गर्नको लागि बसुधा लिगल च्याम्बर, पोखरा – ७, पार्दीलाई अधिकार प्रत्यायोजन गरिएकोमा उक्त बसुधा लिगल च्याम्बर, पोखराले मिति २०८२।१२।१९ मा उक्त कार्य वापतको पारिश्रमिक माग गरेकोले उक्त रकम रु १,१०,०००/- अक्षेरुपी एक लाख दश हजार रुपैयाँ मात्र विहादी गाउँपालिकाको विविध चालु शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं २ :** विहादी गाउँपालिकाबाट कृषकहरुलाई अनुदानमा यन्त्र उपकरण / मेसिनरी औजार वितरण गर्नको लागि तयार गरिएको "कृषकहरुलाई पशु विकास शाखाको अनुदानमा यन्त्र उपकरण / मेसिनरी औजार वितरणको लागि कार्यक्रम संचालन मापदण्ड, २०८२" स्वीकृत गरियो ।

**निर्णय नं. ३ :** विहादी गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा मुख्य चोकहरुमा सडक बत्ती, WIFI र CCTV जडानको काम सम्पन्न भएकोले उक्त काम वापतको रकम भूक्तानी गर्ने तथा विहादी गाउँपालिका अन्तर्गतका सम्पूर्ण चोकहरुमा जडान गरिएको सडक बत्ती सञ्चालनको लागि उठेको विद्युतको विल विहादी गाउँ कार्यपालिकाको कार्यालयबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँ कार्यपालिकाको कार्यालयको सूचना नं. ४५, मिति २०८२।०९।२४ मा प्रकाशित स–सुल्क जग्गा प्राप्ती सम्बन्धि सार्वजनिक सूचना बमोजिम विहादी गाउँपालिका वडा नं. ४ मा रहेको विहादी गाउँपालिकाको सभाहलमा जाने बाटो नजिक जग्गा उपलब्ध गराउन इच्छुक व्यक्तिलाई निवेदन पेश गर्न सूचना प्रकाशन गरिएकोमा पेश हुन आएका चन्द्रकान्त भुसालले निजको नाममा दर्ता कायम भएको विहादी गा पा ४ (साविक वहाकीठाँटी गा.वि.स वडा नं. २) को कित्ता नं. १२८१, क्षेत्रफल ०-८-३-२ को जग्गा सूचनामा उल्लेखित शर्तहरु पुरा भएको जग्गा भएकोले उक्त जग्गा प्राप्तिका लागि जग्गा प्राप्ती ऐन, २०३४ बमोजिम प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** राष्ट्रिय आर्थिक गणना सञ्चालनसम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२ बमोजिम देहाय बमोजिमको पालिका स्तरिय स्थानीय आर्थिक गणना समन्वय समिति गठन गरियो ।

**<u>देहाय :</u>**

| | | |
|---|---|---|
| श्री परविन गुरुङ | गाउँपालिका अध्यक्ष | संयोजक |
| श्री मिना शर्मा तिवारी | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| श्री गोपाल पौडेल | बाणिज्य, व्यापार सङ्घ | सदस्य |
| श्री लक्ष्मी क्षेत्री | बाणिज्य, व्यापार सङ्घ | सदस्य |
| श्री लाल बहादुर कुवँर | बाणिज्य, व्यापार सङ्घ | सदस्य |
| श्री वहाकीठाँटी प्रहरी चौकी प्रमुख | | सदस्य |
| श्री थमन बहादुर रेश्मी | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

**निर्णय नं. ६ :** विहादी गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको आगामी आर्थिक वर्षको लागि करार म्याद थप गर्दा कार्यसम्पादन मुल्यांकनका आधारमा करार म्याद थप गर्ने निर्णय गरियो ।

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत
मिति : २०८२।१२।२२

थमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत